# कागती खेती प्रवर्द्धन कार्यक्रम संचालन कार्यविधि,

(नेपाल सरकार श्रीमान् सचिवज्यूद्वारा २०७५।६।१७ मा स्वीकृत)

२०७५

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

नेपाल सरकार

कृषि तथा पशुपन्छी विकास मन्त्रालय

कृषि विभाग

## राष्ट्रिय फलफूल विकास केन्द्र

किर्तिपुर, काठमाण्डौ

श्री योजना तथा अनुगमन शाखा

रेकर्ड

# कागती खेती प्रवर्द्धन कार्यक्रम संचालन कार्यविधि, २०७५

स्वीकृत मितिः २०७५/६/...

<u>प्रस्तावना</u> : नेपालमा पाइने सुन्तलाजात फलफूल मध्ये उच्च माग र अत्याधिक आयातको हिसावले सुन्तला पछिको दोश्रो फल कागती हो। नेपालको पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म र तराई देखि मध्य पहाडी भाग सम्म कागती खेती हुँदै आएको छ । तथापि नेपालमा व्यवसायिक र व्यवस्थित बगैंचाको भने कमी छ। नेपालको कागतीको उत्पादनले वजार मागको केहि हिस्सा मात्र धान्न सक्दछ भने बाँकि माग धान्न वाह्य देशवाट (विशेषगरी भारतवाट) आयात गर्नु पर्ने अवस्था छ । कालिमाटी फलफूल बजार आगमन, २०७४ अनुसार २०७४ सालमा सो बजारमा आउने जम्मा ३७७६.८ टन कागतीमध्ये ३७२२.१३ टन भारतबाट आउछ जुन ९८.५५% हो । कालिमाटी बजार बार्षिक प्रतिवेदन २०७४ अनुसार २०७४ सालमा कालीमाटी बजारमा भारतवाट रु. २ अर्व १५ करोड बराबरको कागती आयात भएको पाइन्छ ।

नेपालीको प्रत्येक भान्छामा यसको माग दिन प्रतिदिन बढिरहेको छ, तर पनि उत्पादनमा भने आशातित रुपमा कृषक आकर्षित हुन सकेका छैनन् । बगैंचा व्यवस्थापन (काँटछाँट तथा मलजल), रोगहरु जस्तै : ट्रिष्टीजा भाइरस, सिट्रस क्याङ्कर (व्याक्टेरिया) तथा फाइटोप्थेरा र किराहरु (कत्ले तथा पात खन्ने) को व्यवस्थापन गरी कागतीको उत्पादन र उत्पादकत्व बढाउन सकिने देखिन्छ भने जलवायुको हिसाबले नेपालमा कागती खेती समुन्द्र सतहबाट ४०० मिटरदेखि १६०० मिटरसम्म गर्न सकिने भएकोले सुन्तलाजात फलफूलमध्ये कागतीको क्षेत्रफल बढाउन सकिने प्रचुर सम्भावना छ। यसर्थ व्यवस्थित, स्वस्थ र उत्पादनमुखी कागती बगैचा सहज रुपले विस्तार गर्न सुशासन (कार्य सञ्चालन तथा व्यवस्थापन ) ऐन २०६४ को दफा १४ तथा सुशासन (कार्य सञ्चालन तथा व्यवस्थापन) नियमावली २०६५ को नियम ९ को व्यवस्था अनुसार कृषि विकास मन्त्रालयले यो कार्यविधि तयार गरी लागु गरेको छ ।

## परिच्छेद - १
## <u>प्रारम्भिक</u>

१. <u>संक्षिप्त नाम र प्रारम्भ</u> :- (१) यो कार्यविधिको नाम "कागती खेती प्रवर्द्धन कार्यक्रम संचालन कार्यविधि, २०७५" रहेको छ ।

(२) यो कार्यविधि नेपाल सरकार, कृषि तथा पशुपन्छी विकास मन्त्रालयबाट स्वीकृत भएबाट तुरुन्त प्रारम्भ हुनेछ ।

२. <u>परिभाषा</u> : (१) विषय वा प्रङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

सचिव

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

(क) **"कागती खेती प्रवर्द्धन कार्यक्रम"** भन्नाले कागतीको क्षेत्र विस्तार गरी गुणस्तरीय कागती उत्पादन र उत्पादकत्वको उद्देश्य सहित एकीकृत बगैंचा व्यवस्थापनको सिद्धान्त वैज्ञानिक तवरले गर्न बगैंचा स्थापना तथा व्यवस्थापन अन्तर्गतका विभिन्न क्रियाकलापहरु बुझाउँदछ ।

(ख) **"खेती"** भन्नाले कागती खेतीलाई सम्झनु पर्दछ ।

(ग) **"ब्लक''** भन्नाले कागती बगैंचा एक आपसमा जोडिएको क्षेत्र सम्झनु पर्दछ ।

(घ) **"केन्द्र''** भन्नाले राष्ट्रिय फलफूल विकास केन्द्र सम्झनु पर्दछ ।

(ङ) "स्थानीय तह''भन्नाले गाउँपालिका वा नगरपालिका सम्झनु पर्दछ ।

(च) **"रोगमुक्त विरुवा''** भन्नाले ग्रिनिङ्ग र ट्रिस्टीजा भाईरस, तथा फाइटोफ्थोरा नामक ढुसीजन्य रोगबाट मुक्त भएको रुटस्टक, सायन र कलमी विरुवा वा विजु विरुवा सबैलाई जनाउँदछ ।

(छ) **"कृषक''** भन्नाले "कागती खेती गरिरहेको वा खेती गर्न चाहने नयाँ किसान सम्झनु पर्दछ ।

(ज) **"अनुदान ग्राही''** भन्नाले कार्यक्रम संचालन गर्न सम्झौता पश्चातको फर्म/कम्पनि/संस्था वा कृषक सम्झनु पर्दछ ।

३. <u>कार्यक्रमको उद्देश्य</u> : (१) यस कार्यविधि अनुसार संचालन हुने कार्यक्रमको उद्धेश्यहरु देहाय बमोजिम हुनेछन् -

(क) नयाँ कागतीको क्षेत्र विस्तार तथा पुराना बगैंचालाई सुदृढिकरण गरी यसको उत्पादन र उत्पादकत्वमा वृद्धि गरि स्थानीय कृषकहरुको आय आर्जनमा वृद्धि तथा कागतीको आयात प्रतिस्थापनमा सघाउ पु-याउने र

(ख) कागतीको मुल्य श्रृङ्खला अभिवृद्धि गर्ने ।

४. <u>कार्यक्रमबाट अपेक्षित प्रतिफल</u> : (१) यस कार्यविधि वमोजिम संचालन हुने कार्यक्रमवाट देहाय वमोजिमका प्रतिफलहरु हाँसिल हुने अपेक्षा गरिएको छ -

(क) कागतीको क्षेत्र विस्तारले उत्पादनमा वृद्धि भई आयात प्रतिस्थापनमा सहयोग पुग्नेछ।

(ख) पुराना बगैंचा सुदृढिकरण भई उत्पादन तथा उत्पादकत्वमा सुधार हुनेछ ।

(ग) स्वरोजगार हुन प्रोत्साहन मिल्नेछ ।

परिच्छेद २

## कार्यक्रम संचालन प्रक्रिया

५. कार्यक्रम संचालनको अवधारणा :

(१) वार्षिक स्वीकृत कार्यक्रममा तोकिएका क्षेत्रमा यो कार्यक्रम संचालन हुनेछ । सामान्यतया कागती खेति प्रवर्द्धन कार्यक्रम पहिलो चरणमा ३ बर्षसम्म सञ्चालन गरिनेछ । यस कार्यक्रमको प्रभावकारिता, संभाव्यता र वजेट उपलब्धताका आधारमा यसको अवधी थप गर्न सकिनेछ ।

(२) सम्बन्धित स्थानीय तहहरुबाट क्षेत्र विस्तार कार्यक्रम र स्थलगत तालिम तथा अनुगमन गर्ने र राष्ट्रिय फलफूल विकास केन्द्रबाट प्राविधिक सेवाटेवाका साथै अनुगमन गर्नेछन्।

(३) कार्यक्रम संचालनको लागि आवश्यक गुणस्तरीय विरुवाको व्यवस्थापन स्थानीय तह तथा केन्द्रको समन्वयमा हुनेछ ।

(४) राष्ट्रिय फलफुल विकास केन्द्रले कार्यविधि बमोजिम क्षेत्र विस्तार कार्यक्रम, अनुगमन तथा स्थलगत तालिमको लागि एकमुष्ठ रकम स्थानीय तहमा शसर्त अनुदानको रुपमा उपलब्ध गराउनेछ ।

(५) स्थानीय तहले सूचना प्रवाह तथा कृषक छनौट गर्नेछ ।

(६) स्थानीय तहले केन्द्रसँगको समन्वय तथा कार्यविधि बमोजिम प्राप्त वजेटको परिधिमा रही कार्यक्रम संचालन तथा अनुगमन गर्नेछ ।

(७) कार्यविधि अनुसार क्षेत्र विस्तार गर्ने कृषकहरुलाई जग्गा तयारी पछि ५०% रकम र कार्य सम्पन्न भईसकेपछि अनुगमन गरी बाँकी रकम स्थानीय तहले उपलब्ध गराउने छ ।

(८) स्थानीय तहले भुक्तानी दिएको बील भरपाई र विरुवा रोपेको कृषकको विवरणको छायाँप्रति राष्ट्रिय फलफूल विकास केन्द्रलाई उपलब्ध गराउनु पर्नेछ ।

६. कार्यक्रम सञ्चालन गर्न कृषक छनौटका आधारहरु: (१) देहायका मापदण्ड पुरा गर्ने प्रतिवद्धता जाहेर गर्ने कृषकहरुले यो कार्यक्रममा सहभागी हुन पाउनेछन् -

(क) कार्यक्रम माग गर्दा कम्तीमा २० रोपनीको ब्लक हुनुपर्नेछ ।

(ख) विरुवा रोप्दा बगैंचाको रेखाङ्कन अनिवार्य गर्नुपर्ने छ र विरुवा ५मि.*५मि. को दुरीमा २० रोपनी जग्गाको लागि ४०० वटा विरुवा ३ फिट गहिरो र ३ फिट गोलाइको खाडलमा रोप्नु पर्नेछ, लगाएको विरुवा मरेमा सम्बन्धित कृषकले नै पुनरोपण गर्ने प्रतिबद्धता ।

(ग) प्राविधिक रुपमा उपयुक्त स्थान (जात अनुसार समुन्द्र सतहबाट ४०० - १५०० मिटर उचाई र बढीमा ३० डिग्री भिरालो) सम्ममा खेती गर्न सकिनेछ।

(घ) गुणस्तरीय, स्वस्थ विरुवाको सुनिश्चतता स्थानीय तह र केन्द्रको समन्वय बमोजिको हुनेछ।

(ङ) सिँचाईको सुविधाको सम्भावना भएको ।

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

७. <u>संचालन हुने कार्यक्रमहरु</u> :

(१) कार्यक्रम संचालनको जिम्मेवारी सम्बन्धित स्थानीय तहको हुनेछ।

(२) राष्ट्रिय फलफूल विकास केन्द्रले संचालन गर्ने क्रियाकलापहरु अनुसूची १ अनुसार हुनेछ ।

(३) स्थानीय तहले संचालन गर्ने क्रियाकलापहरु अनुसूची २ अनुसार हुनेछ ।

(४) स्थानीय तह मार्फत कृषकले पाउने अनुदान अनुसूची ३ अनुसार हुनेछ ।

८. <u>अनुगमन सम्वन्धी व्यवस्था</u> : (१) सम्वन्धित स्थानीय तह एवं कृषि तथा पशुपंक्षी विकास मन्त्रालय, कृषि विभाग, राष्ट्रिय फलफूल विकास केन्द्रवाट समेत अनुगमन गरिनेछ ।

## परिच्छेद ३
## विविध

९. <u>प्रचलित कानून लागु हुनेः</u> (१) यस कार्यविधिमा व्यवस्था भएका विषयहरुका सम्बन्धमा सोही बमोजिम र अन्य व्यवस्थाका सम्बन्धमा प्रचलित कानून बमोजिम हुनेछ।

१०. <u>बाधा अड्काउ निरुपणः</u> (१) यस कार्यविधिको व्याख्यामा दुविधा भएमा कृषि तथा पशुपंक्षी विकास मन्त्रालय, कृषि विभाग, राष्ट्रिय फलफूल विकास केन्द्रको व्याख्याका आधारमा कार्यक्रम संचालन गर्नु पर्नेछ।

११. <u>कार्यविधि संशोधनः</u> (१) यस कार्यविधि कृषि तथा पशुपन्छी विकास मन्त्रालयले आवश्यकता अनुसार समय समयमा संशोधन वा थपघट तथा खारेज गर्न सक्नेछ ।

सचिव

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

## अनुसूची -१

(दफा ७ को उपदफा (२) सँग सम्बन्धित)

### राष्ट्रिय फलफूल विकास केन्द्रबाट संचालन हुने क्रियाकलापहरुको बिवरण

१. कार्यक्रम अभिमुखीकरण गोष्ठी (स्थानीय तह प्रमुख, कृषि प्राविधिक र नर्सरी धनीहरु)

२. स्थानीय तहलाई प्राविधिक पृष्ठपोषण तथा अनुगमन

३. प्राविधिक/कृषि उद्यमी तालिम

## अनुसूची -२

(दफा ७ को उपदफा (३) सँग सम्बन्धित)

### प्रत्येक स्थानीय तहमा संचालन हुने क्रियाकलापहरुको बिवरण

१. कागतीको विरुवा ढुवानी

२. स्थलगत तालिम (कृषक प्राविधिकबाट)

३. कार्यक्रमको अनुगमन र व्यवस्थापन

## अनुसूची -३

(दफा ७ को उपदफा (४) सँग सम्बन्धित)

### कृषककले २० रोपनी (१ हे.) मा कागती खेती गर्न स्थानीय तहबाट पाउने अनुदान प्याकेज

| सि.नं. | कार्यक्रमको विवरण | अनुमानित लागत | कैफियत |
|---|---|---|---|
| १ | बगैंचाको रेखाङ्कन गर्न र आवश्यक सामग्री (बाँसको किला र डोरी) | रु.८०००/- | |
| २ | विरुवा रोप्न खाडल खन्ने, मल मिसाउने र खाडल पुर्ने | रु.२४०००/- | |
| ३ | कागतीको विरुवा खरिद (संख्या) | ४०० वटा | |
| ४ | मलखाद | ✓ कम्पोष्ट - २००० के.जी<br>✓ युरिया - २० के.जी.<br>✓ डिएपी - १० के.जी.<br>✓ पोटास - २० के.जी. | |
| ५ | विरुवा रोपण, टेका दिने र मल्चिङ् | रु.८०००/- | |
| ६ | सिंचाई सामग्री | रु.८०००/- | |
| ७ | कृषि औजार उपकरण (सिकेचर, आरी र स्पेयर) | रु.२००००/- | |
| | **जम्मा** | रु.९६,०००/- | |
| | कृषकले पाउने (७५% अनुदान) रकम | रु.७२,०००/- | |
| | कृषकले व्यहोर्ने (२५%) रकम | रु.२४,०००/- | |

दोश्रो र तेश्रो बर्ष विरुवा हुर्काउन तथा बगैंचाको स्याहार सम्भार तथा संरक्षणका लागि प्रतिबोट रु. १०० का दरले अनुदानको व्यवस्था गरिनेछ ।

सचिव